# नेपाल नागरिक उड्डयन प्राधिकरण
## नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान
सानोठिमी, भक्तपुर

## Basic ARFF-015 तालिमका लागि दरखास्त आव्हानको सूचना

**(प्रकाशित मिति : २०८०/११/११)**

श्री लोकसेवा आयोगको सहमति बमोजिम यस प्रतिष्ठानद्धारा सञ्चालन गरिने आधारभूत विमानस्थल उद्धार तथा अग्नि नियन्त्रण (Basic Aerodrome Rescue and Fire Fighting Course, ARFF-015) तालिमका लागि खुल्ला तथा समावेशी परीक्षाद्धारा देहाय बमोजिम १६ जना प्रशिक्षार्थी छनौट गर्न तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र रीतपूर्वकको अनलाईन दरखास्त आव्हान गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | समावेशी र खुल्ला | प्रशिक्षार्थी संख्या |
|---|---|---|---|
| १. | ७/०८०/०८१ | खुल्ला | ९ (नौ) |
| २. | ८/०८०/०८१ | महिला | २ (दुई) |
| ३. | ९/०८०/०८१ | आदिवासी/जनजाति | २ (दुई) |
| ४. | १०/०८०/०८१ | मधेशी | १ (एक) |
| ५. | ११/०८०/०८१ | अपाङ्ग | १ (एक) |
| ६. | १२/०८०/०८१ | पिछडिएको क्षेत्र | १ (एक) |

**विज्ञापन सम्बन्धी विशेष सूचना : "सम्मानित सर्वोच्च अदालतबाट रिट नं.०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेश बमोजिम कानुनी व्यवस्था भए पश्चात सोही अनुसार पदपूर्ति गरिनेछ ।"**

**दरखास्त फाराम पेश गर्ने अन्तिम मिति** : २०८०/१२/०१ गतेसम्म

**दोब्बर दस्तुर तिरी दरखास्त पेश गर्ने अन्तिम मिति** : २०८०/१२/०८ गतेसम्म

**दरखास्त दिने स्थान** : नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानको वेवसाईट www.academy.caanepal.gov.np वा jobs.caanepal.gov.np मा गई Online Application Form भर्नु पर्नेछ ।

**दरखास्त तथा परीक्षा दस्तुर :** दरखास्त वापत रु. २००।- र परीक्षा दस्तुर रु.६००।– गरी कुल रु.८००।- (आठ सय रुपैयाँ मात्र) तर एक भन्दा बढी समूहमा दरखास्त दिएमा प्रत्येक समूहको लागि ५०% थप परीक्षा दस्तुर लाग्नेछ । समावेशी समूहमा मात्र दरखास्त पेश गर्ने उम्मेदवारले खुला सरहको परीक्षा दस्तुर बुझाउनु पर्नेछ ।

**पाठ्यक्रम :** प्रतिष्ठानको वेवसाईटमा राखिएको छ। आवश्यक भएमा रु. १००।– दस्तुर तिरी खरीद गर्न सकिने छ।

**आवश्यक न्यूनतम योग्यता :**

१. **शैक्षिक योग्यता:** मान्यता प्राप्त शैक्षिक संस्थाबाट S.L.C, S.E.E वा सो सरहमा कम्तिमा CGPA 2.0 प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ ।

२. **उमेर:** दरखास्त फाराम बुझाउने अन्तिम मिति २०८०/१२/०१ गतेसम्म १८ बर्ष पुरा भै २५ वर्ष ननाघेको ।

३. **उचाई:** ५ फिट २ इन्च । ४. **छाती:** कम्तिमा ३२ इन्च र फुलाउदा ३४ इन्च हुनु पर्ने । ५. **वजन:** ५२ के जी

**परीक्षाको किसिम:**

१. शारीरिक दक्षता परीक्षण २. लिखित परीक्षा ३. अन्तर्वार्ता: ४) स्वास्थ्य परीक्षण

**शारीरिक दक्षता परीक्षण र लिखित परीक्षाको मिति र परीक्षा केन्द्र :** शारिरिक दक्षता परीक्षण श्री राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगंजमा संचालन हुनेछ। लिखित परीक्षा श्री लोकसेवा आयोगबाट सञ्चालन हुनेछ। शारिरीक दक्षता परीक्षणको मिति यस प्रतिष्ठानबाट पछि प्रकाशन गरिनेछ र लिखित परीक्षाको मिति र केन्द्र श्री लोकसेवा आयोगबाट पछि प्रकाशन गरे बमोजिम हुनेछ ।

**लिखित परीक्षाबाट सफल भएका प्रशिक्षार्थीहरुले** Civil Aviation Medical Assessor (CAMA) बाट Basic ARFF Course को Appendix-1 **मा व्यवस्था भए बमोजिम आफ्नै खर्चमा स्वास्थ्य परीक्षण गराई आधारभूत विमानस्थल उद्धार तथा अग्नि नियन्त्रण तालिमका लागि** Physically and Mentally Fit **रहेको सिफारिश पेश गर्नु पर्नेछ ।**

**तालिम अवधि :** १४ (चौध) हप्ताको हुनेछ ।

**दरखास्त फारामसाथ पेश गर्नुपर्ने कागजातहरु::**

क) आवेदन फारामसाथ हालसालै खिचिएको पासपोर्ट साईजको फोटो, नेपाली नागरिकताको प्रमाणपत्र, न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, प्रमाणपत्र वा सोको प्रोभिजनल, चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

ख) विदेशी वोर्डबाट उत्तीर्ण भै शैक्षिक योग्यता हासिल गरेको आवेदकले परीक्षा नियन्त्रण कार्यालयबाट समकक्षता निर्धारण गरिएको कागजात पेश गर्नु पर्नेछ ।

ग) आवश्यक डकुमेण्ट तथा अन्य कागजातहरु आवेदन दिने अन्तिम मिति (सिंगल दस्तुर सहितको) २०८०/१२/०१ भित्र प्राप्त गरिसकेको हुनु पर्नेछ ।

**समावेशी तर्फका प्रशिक्षार्थीहरुले पेश गर्नुपर्ने थप कागजातहरु :**

क) आदिवासी/जनजातिको हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचनाको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा सूचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयबाट सूचीकृत भएको जाति भित्रको थर हो भनी प्रमाणित गरेको प्रतिलिपि दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ ।

ख) मधेसीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमकै संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयबाट मधेशी भनी प्रमाणित गराएको कागजात दरखास्त फारामसाथ पेश गर्नु पर्नेछ ।

ग) अपाङ्गको हकमा समाज कल्याण परिषदबाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गिकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र ।

घ) पिछडिएको क्षेत्रको हकमा नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ मा तोकिएका सम्बन्धित जिल्लाबाट प्राप्त नागरिकताको प्रमाणपत्र र स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनि प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिन भन्दा तीन महिना अगाडि सम्मको सिफारिस ।

**दरखास्त तथा परीक्षा सम्बन्धी विशेष शर्त तथा जानकारी**

क) रीत नपुगेका, म्याद नाघी प्राप्त हुन आएको र उम्मेदवारहरुले दरखास्त फारामसाथ पेश गरेका नागरिकता, शैक्षिक योग्यता लगायतका कागजात/प्रमाणपत्रमा उम्मेदवार तथा उम्मेदवारहरुको तीन पुस्तेको नाम, थर आदि फरक परेमा आधिकारिक निकायबाट नाम, थर आदि पुष्टि हुने कागजात पेश नगरेको खण्डमा त्यस्ता उम्मेदवारको दरखास्तमा कुनै कारवाही हुने छैन । साथै कुनै पनि शर्त राखी दरखास्त फाराम पेश गर्न पाईने छैन ।

ख) Physical Fitness Assessment र Physical Measurement Test उत्तीर्ण गरेका प्रशिक्षार्थीहरु लाई मात्र Physical Efficiency Test मा सहभागी गराइनेछ । त्यसरी नै Physical Efficiency Test उत्तीर्ण गरेका प्रशिक्षार्थीहरुलाई मात्र लिखित परीक्षामा सहभागी गराइनेछ ।

ग) खुल्ला र समावेशी प्रतियोगिताका आधारमा लिइने प्रशिक्षार्थी छनौट परीक्षा संयुक्त रुपमा एकै सिटिङ्गमा लिइनेछ।

घ) दरखास्त फाराम बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन साविक बमोजिमकै दरखास्त दस्तुर तिरी दरखास्त फाराम पेश गर्न सकिनेछ। तर दोब्बर दस्तुर तिरी फाराम पेश गर्ने अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट दरखास्त फाराम बुझाउन सकिने छैन ।

ङ) आँखाको कलरभिजनमा समस्या भएका, कानमा समस्या भएका, भकभकाउने, काम्ने–थरथराउने, अंगभंग कुरुप देखिने, हात खुट्टा बांगो टिंगो र औंलाहरु ठिक नभएको, घुँडा जोडीने वा फाँटिने भएको, ढाड कुप्रो भएको, शरीर बांगो भएको/पुरा झुकाउने नसक्ने, दुवि भएको, कपाल झरेको, आँखा डेरो भएको, शरीरमा अस्वभाविक दागहरु भएको, टाट्टु मार्क बनाएको, नशा फुल्ने भएको, भालु पाइले, लठ्यौरो जस्ता व्यक्तिहरु ARFF तालिमका लागि अयोग्य ठहरिने व्यहोरा आवेदकहरुलाई अग्रिम जानकारी गराईन्छ ।

च) कुनै कारणबस परीक्षा स्थगित भएमा वा रद्ध भएमा परीक्षा दस्तुर फिर्ता गरिनेछ। तर फाराम अस्वीकृत भएमा दस्तुर फिर्ता गरिने छैन ।

छ) प्रशिक्षणका लागि प्रशिक्षार्थी छनौट भै तालिम उत्तीर्ण गरेपश्चात् प्राधिकरणको दरवन्दीमा प्राविधिक सेवा एभिएसन फायर सर्भिसेज समूह अन्तर्गत चौथो तह (सहायक) को रिक्त रहेको पदमा नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरुको सेवाका शर्त र सुविधा सम्बन्धी नियमावली, २०५६ (संशोधन सहित) अनुसार प्रक्रिया पूरा गरी नियुक्त गरिनेछ ।

यो सूचना नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान र नेपाल नागरिक उड्डयन प्राधिकरणको वेवसाइटहरु क्रमश: www.academy.caanepal.gov.np, www.caanepal.gov.np बाट पनि हेर्न सकिनेछ ।